# काठमाडौं महानगरपालिका
# यें महानगरपालिका

## आर्थिक वर्ष २०८३।८४ को
## नीति तथा कार्यक्रम

२०८३ जेठ ३१ गते आइतबार
नेपाल सम्वत् ११४६ अनलागा चतुर्दसि

राष्ट्रिय सभागृह, काठमाडौं।

# काठमाडौं महानगरपालिका आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम
## *"सांस्कृतिक सहर, समृद्ध महानगर"*

काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरू र कर्मचारी साथीहरू!
सर्वप्रथम काठमाडौं महानगरपालिका, नगरसभाको १९औं अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत गर्दछु।

काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेस गर्न पाउँदा मलाई हर्ष र गौरवको अनुभूति भएको छ। म सर्वप्रथम ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, स्थानीय सरकारको सबलता र लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण गर्न योगदान गर्नुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हृदयदेखि सम्मान व्यक्त गर्न चाहन्छु।

चालू आर्थिक वर्षका लागि काठमाडौं महानगरपालिका नगर सभाको १७औं अधिवेशनबाट स्वीकृत भएका नीति तथा कार्यक्रमको मार्ग निर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धिको समीक्षा गर्दै आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। विगत वर्षहरुमा झैं काठमाडौंको ऐतिहासिकता, सांस्कृतिक सम्पदा, भौतिक र आधुनिक सहरी सभ्यतालाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा प्रमुख आधारको रुपमा लिएको छु। परिवर्तित परिवेश र काठमाडौंवासीको उत्कृष्ट चाहनालाई सम्बोधन गर्ने लक्ष्य राखी तयार गरिएको यस नीति तथा कार्यक्रमले समग्रतामा मौलिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय र सुशासनयुक्त महानगर निर्माण गर्ने कार्यमा सघाउ पुग्ने कुरामा म विश्वस्त छु।

आगामी आर्थिक वर्ष २०८३/८४ को लागि नगरसभाको यस बैठकमा प्रस्तुत भएको काठमाडौं महानगरपालिकाको नीति तथा कार्यक्रमको कार्यान्वयनबाट संघीय राजधानी काठमाडौंको अपेक्षित लक्ष्य हासिल हुने अपेक्षा गरेको छु।

**नगरसभाका सदस्य महानुभावहरू,**

अब म काठमाडौं महानगरलाई समावेशी, सुशासनयुक्त, प्रविधिमैत्री, सुरक्षित, स्वच्छ, स्वस्थ, हरित र नवप्रवर्तनमुखी स्मार्ट सहरको रूपमा रूपान्तरण गर्दै आर्थिक समृद्धि, सामाजिक न्याय, सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, संस्कृति तथा सम्पदा संरक्षण र दिगो सहरी विकासलाई सुनिश्चित गर्ने लक्ष्यसहित आगामी आर्थिक बर्षका लागि प्रस्तावित नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।

काठमाडौं महानगरपालिकाको दीर्घकालीन सोच, उद्देश्य र योजना तथा चालू आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न नभएका बहुवर्षिय कार्यक्रमलाई सम्बोधन गर्ने नीतिहरुलाई निरन्तरता दिएको छु। सो बाहेक आगामी आर्थिक वर्षका लागि देहाय बमोजिमका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

### <u>१. सुशासन तथा शासकीय प्रबन्ध</u>

१. नेपालको संविधान, सङ्घीय तथा प्रदेश कानुनहरु र नेपाल सरकारको निर्णयानुसार तीन तहका सरकारका लागि कार्य विस्तृतीकरण प्रतिवेदनमा तोकिएका अधिकार र जिम्मेवारीको प्रयोग तथा प्रचलन गर्न गराउन आवश्यक कानुनी तथा संस्थागत प्रबन्ध गरी स्थानीय सरकारको भूमिकालाई जनस्तरमा अनुभूत गर्ने गरी शासकीय अभ्यास गरिनेछ।

२. कार्यालयको सूचना सम्प्रेषण गर्न तथा गतिविधी प्रचारप्रसार गर्न कार्यालयको वेवसाइट, आधिकारिक मल्टिमिडिया च्यानलहरू तथा डिजिटल प्लेटफर्महरूको प्रयोग गरिनेछ र स्रोत साधनको विनियोजनलाई थप मितव्ययी, पारदर्शी र नतिजामुखी बनाइनेछ।

३. कार्यबोझ र आवश्यकताको वस्तुनिष्ठ मूल्याङ्कन गरी ज्यालादारी र करार सेवामा कार्यरत कर्मचारीहरूको सेवा यकिन गरिनेछ।

४. महानगरको बदलिँदो कार्यबोझ, नवप्रवर्तनकारी सहरी सेवा र प्रविधिको बढ्दो उपयोगलाई दृष्टिगत गरी सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षणमार्फत् सांगठनिक संरचना र दरबन्दीको वैज्ञानिक एवम् वस्तुनिष्ठ पुनरावलोकन गरिनेछ।

५. कर्मचारीहरूको कार्यक्षमता अभिवृद्धि गरी महानगरपालिका र सबै वडा कार्यालयहरूमा सञ्चालित एकद्वार सेवा केन्द्र (One Stop Service Center) सञ्चालन गरिनेछ।

६. काठमाडौं महानगरपालिकाले सम्पादन गर्ने कार्य सम्बद्ध विषय क्षेत्रमा विभिन्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई "Earn While You Learn" अवधारणा अनुसार Internship, Fellowship तथा Part-Time Engagement कार्यक्रम सञ्चालन गरिनेछ।

७. काठमाडौं महानगरपालिकाले हालसम्म जारी गरेका कानुनहरुको उत्तर विधायकी परीक्षण गरी समसामयिक संशोधन गरिनेछ।

८. स्थानीय विवाद समाधानमा मेलमिलाप प्रकृयालाई प्राथमिकता दिई न्याय निरुपण कार्यलाई छिटो, छरितो र पहुँचयोग्य बनाइनेछ।

९. शहरको सौन्दर्य र सुरक्षामा आँच आउने विज्ञापन सामाग्रीहरुलाई पूर्णतः निषेध गरिनेछ।

१०. शहरी सुव्यवस्थापनका लागि महानगर प्रहरी बलको परिचालन गरिनेछ। नेपाल प्रहरी तथा अन्य सुरक्षा निकाय, समुदाय र सम्बद्ध संघसंस्थाहरु समेतको सहकार्य र समन्वयलाई प्रवर्धन गरिनेछ।

११. सवारी पार्किङ्ग व्यवस्थापन सम्बन्धमा अध्ययन गरी कार्यान्वयन गरिनेछ। नयाँसडक र आसपासको क्षेत्रमा देखिएको पार्किङ्ग समस्याको दीगो व्यवस्थापनको लागि नेपाल वायु सेवा निगमको नयाँसडक गेटस्थित घरजग्गालाई बहुतले पार्किङ्ग प्रयोजनमा उपयोग गर्न नेपाल सरकारमार्फत् पहल गरिनेछ।

१२. काठमाडौं महानगरपालिकाको चालू खर्च घटाइ पूँजीगत खर्चलाई वृद्धि गर्ने नीति लिइनेछ।

१३. विश्वका शहरहरुका असल अभ्यासबाट ज्ञान हासिल गरी प्रविधि हस्तान्तरण, सूचना तथा साँस्कृतिक आदान प्रदान आदिका माध्यमबाट काठमाडौं शहरको सर्वाङ्गिण विकासमा टेवा पुऱ्याउन Sub-National Diplomacy को असल अभ्यास गरिनेछ।

१४. आपसी सहकार्य, साझेदारी र स्थानीय शासन प्रवर्धनका लागि नगर-नगर साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

## २. सामाजिक विकास

१५. युवा केन्द्रित स्वरोजगार कार्यक्रम, उद्यमशीलता विकास तथा रोजगारी सिर्जना गर्ने उद्धेश्यले सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ।

१६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, संरक्षणविहिन व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, शहिदका परिवार लगायत पछाडि परेका समुदायको विकासका लागि लक्षित वर्गमैत्री शसक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१७. एक वडा एक नमूना कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा दिगोपना सुनिश्चित हुने गरी एक वडा एक नमूना कार्यक्रमलाई संस्थागत गरिनेछ।

१८. *ज्येष्ठ तथा अशक्त नागरिकसँग महानगर* अभियान सञ्चालन गरी ज्येष्ठ तथा अशक्त नागरिकको घरमै स्वास्थ्य तथा परामर्श सेवा निःशुल्क उपलब्ध गराईनेछ। ७५ बर्ष उमेर पुरा भएका बरिष्ठ ज्येष्ठ नागरिकहरु तथा पूर्ण अशक्त अपाङ्गता भएका महानगरवासीलाई पोषण भत्ता उपलब्ध गराइनेछ।

१९. सहयोगापेक्षी सडक आश्रित मानवमुक्त काठमाडौंको घोषणालाई साझेदार निकायहरुको समन्वय र सहकार्यमा प्रभावकारी कार्यान्वयन गरी "**मानवीयताको शहरः काठमाडौं (The City of Humanity)**" भन्ने मूल सन्देशलाई कार्यान्वयन गरिनेछ।

२०. काठमाडौं महानगरपालिकाले आधुनिक तथा परामपरागत ज्ञान, सीप तथा कलाको प्रमाणीकरण गरी प्रमाणपत्र जारी गर्ने प्रबन्ध गरिनेछ।

२१. महानगरक्षेत्रका टोल, विद्यालय, पार्क र समुदायमा चरा चुरुङ्गीमैत्री अभ्यासहरू सञ्चालन गर्दै चरा चुरुङ्गीहरूका लागि पानी उपलब्ध गराउन पानी पात्र स्थापना गरिनेछ।

२२. सम्मानित राष्ट्रिय व्यक्ति र नवयुवा पुस्ता (जेन जेड, जेन एल्फा) विशेष कार्यक्रम सञ्चालन गरिनेछ। नवयुवा पुस्तालाई सुशासनका संवाहक मानी उनीरुको सुझाव तथा आवश्यकतामा सहकार्य गरिनेछ।

## ३. शिक्षा, युवा तथा खेलकुद

२३. *सबैको लागि शिक्षा तथा समावेसी शिक्षा* को सुनिश्चित गर्न अटिजम, डाउन सिन्ड्रोम लगायत अपाङ्गता भएका तथा जोखिममा रहेका बालबालिकाका लागि विशेष विद्यालय, ज्येष्ठ नागरिक तथा गृहणी विद्यालय र वैकल्पिक विद्यालय स्थापना, सञ्चालन र व्यवस्थापन गरी अन्तरपुस्ता क्रियाकलापलाई प्रवर्धन गरिनेछ।

२४. काठमाडौं महानगरपालिकाको विद्यालय शिक्षासम्बन्धी मार्गचित्र सहितको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२५. विद्यालय र सामुदायिक अध्ययन केन्द्र (CLC) लगायतका स्थानमा स्वास्थ्यकर्मी सहितको प्राथमिक स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। साथै दिवा शिशु स्याहार केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।

२६. विद्यालय शिक्षालाई अनुसन्धानमुलक बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ।

२७. विद्यार्थीको सृजनशील सिकाई र सिप विकासका लागि विद्यालयमा सिप तथा सृजनात्मक शुक्रबार (Creative Friday) कार्यक्रम सञ्चालन गरी पाठ्यक्रममा आधारित अतिरिक्त शैक्षिक क्रियाकलापहरु समेत सञ्चालन गरिनेछ। सृजनात्मक शुक्रबार कार्यक्रममा मूलतः सृजनात्मक सिकाई, STEAM, सीपमूलक तालिम तथा खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन हुनेछन्।

२८. विद्यालयको असल अभ्यास तथा अनुभव आदानप्रदान गर्न विद्यालय-विद्यालय साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

२९. भाषा, सँस्कृति, सम्पदा, पर्यटन र प्राविधिक विषयमा विशेषज्ञ जनशक्ति उत्पादन गर्न काठमाडौं महानगरपालिकाले <u>स्वनिगः विश्वविद्यालय</u> स्थापना गरी सञ्चालन गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ।

३०. खेलाडीहरुलाई ऊर्जाशील तथा व्यवसायिक बनाउन महानगरले विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहजीकरण गर्नेछ। साथै खेल प्रतिभा पहिचान गरी सम्मान तथा प्रोत्साहन गरिनेछ।

३१. कक्षाकोठाको तापीय आराम, प्राकृतिक भेन्टिलेसन र $CO_2$ सान्द्रताको अध्ययन गरिनेछ। अध्ययनका आधारमा उपयुक्त प्राकृतिक भेन्टिलेसनसम्बन्धी मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनेछ।

## ४. सुलभ स्वास्थ्य सेवा

३२. शहरी स्वास्थ्य प्रबर्धन केन्द्रको क्षमता वृद्धि गरी समयसापेक्ष, आधुनिक र प्रविधिमैत्री स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।

३३. आरोग्य जीवनका लागि आयुर्वेद, वैकल्पिक चिकित्सा, योग, व्यायाम, प्राणायाम तथा ध्यान मार्फत शारिरीक, मानसिक, आत्मिक स्वस्थ जीवनशैली पद्धतिको प्रवर्धन गरिनेछ।

३४. निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिदै महानगर क्षेत्रभित्रका साँघुरा सडक र बढ्दो सवारी चापलाई मध्यनजर गर्दै बाईक एम्बुलेन्स सेवा सञ्चालनमा ल्याईनेछ।

३५. महानगरवासीको मृगौला रोगको उपचारका लागि डायलसिस सेवालाई सहजीकरण गरिनेछ।

३६. मातृशिशु तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक स्थानमा breast-feeding and Care Blocks सेवाको व्यवस्थापन गरिनेछ।

३७. महानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाहरुको नियमन तथा अनुगमन गरी गुणस्तरीय सेवा प्रवाहको लागि प्रोत्साहन गरिनेछ। साथै विपन्न तथा असहाय नागरिकलाई १० प्रतिशत निःशूल्क उपचार गर्ने व्यवस्थालाई कडाईकासाथ लागु गरिनेछ।

३८. महानगरवासीलाई गुणस्तरीय र विशिष्ट स्वास्थ्य सेवा प्रवाह गर्न महानगर अस्पताल निर्माण गरिनेछ।

३९. परिवर्तित जीवनशैलीका कारण तिव्र रुपमा उत्पन्न मानसिक स्वास्थ्य समस्या न्यूनिकरण गर्न मनोपरामर्श सेवा र कल सेन्टर सञ्चालनमा ल्याइनेछ।

४०. ज्येष्ठ नागरिकहरुका लागि निमोनिया खोप, महानगरवासीको स्वास्थ्य परीक्षण, स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा नियमित सेवा र आकस्मिक स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ।

## ५. वातावरण तथा सरसफाई

४१. फोहर निःशुल्क, सशुल्क, न्यूनिकरण, सृजनात्मक पुनः चक्रिय प्रयोग आधारित Circular Economy लाई प्रबर्द्धन हुने गरी महानगर क्षेत्रलाई ७ क्लस्टरमा विभाजन गरी प्रविधिको प्रयोगमार्फत फोहरमैलाको उचित व्यवस्थापन गरिनेछ।

४२. स्थानान्तरण केन्द्रबाट निस्काशित न्यून फोहरलाई बन्चरे डाँडा ल्याण्डफिल साइटमा मेकानाइज्ड मेटेरियल रिकभरी फयासिलिटी सञ्चालन गरी फोहरको वैज्ञानिक व्यवस्थापन गरिनेछ।

४३. काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा खाली स्थानहरुलाई बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री पार्कका रुपमा विकास तथा विस्तार गर्दै लगिनेछ।

४४. फोहरमैला व्यवस्थापन सेवा शुल्कलाई प्रदुषकले तिर्ने सिद्धान्त (Polluters Pay Principle) अनुरुप एकद्धार प्रणाली मार्फत शुल्क सङ्कलन गर्ने व्यवस्था मिलाईनेछ। बन्चरेडाँडा ल्यान्डफिल साईटमा फोहरमैला विसर्जन गर्ने प्रत्येक स्थानीय तहबाट फोहरको परिमाण र प्रकृतिको आधारमा वित्तिय साझेदारी गर्न पहल गरिनेछ।

४५. फोहरमैला व्यवस्थापनलाई अनलाईन एपका माध्यमवाट सूचना तथा विवरण महानगरपालिका सम्बद्ध कार्यालय, सेवाप्रदायक र सेवाग्राहीको पहुँचमा हुने विशेष प्रबन्ध मिलाइनेछ।

४६. उचित प्रविधिको प्रयोग गरी वायू, जल, जमिन, ध्वनी, दृष्य आदि प्रदुषण नियन्त्रण गरिनेछ। सङ्घ, प्रदेश तथा अन्य स्थानीय सरकारसँगको समन्वय, सहकार्य र साझेदारीमा वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण तथा न्यूनिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

४७. प्लाष्टिकको झोला तथा प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४८. फोहरमैला व्यवस्थापनमा विकास भएको नविन अवधारणा, प्रविधि र प्रयोगको अध्ययन गरी तीन तहका सरकार र निजी क्षेत्र समेतको सहकार्यमा फोहरमैला व्यवस्थापन गर्ने रणनीति अख्तियार गरिनेछ।

## ६. राजश्व परिचालन

४९. राजश्व परिचालनलाई पारदर्शी, विश्वसनीय र प्रभावकारी बनाउन आ.व. २०८३/०८४ देखि कर प्रणाली अडिट (Tax System Audit) शुरु गरिनेछ।

५०. काठमाडौं महानगरपालिकाले असुल गर्ने बहाल र व्यवसाय करलाई वैज्ञानिक, न्यायोचित र करदातामैत्री बनाउन प्रयोजन र स्थान विशेष क्षेत्रका आधारमा करका दर निर्धारण गर्ने प्रबन्ध मिलाइनेछ।

५१. करको दायरामा नआएका करदाताको पहिचान गरी कर तिर्न उत्प्रेरित गर्ने, उपयुक्त छुट सुविधा प्रदान गर्ने, करदातालाई राजश्व सेवा सम्बन्धी सूचना, जानकारी तथा महानगरको सन्देश एसएमएस मार्फत् सम्प्रेषण गरिनेछ।

५२. महालेखा नियन्त्रक कार्यालयबाट तयार गरिएको स्थानीय तहको राजस्व व्यवस्थापन प्रणाली (सूत्र) लागु गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

५३. एकीकृत करदाता परिचय नम्वर Single Tax Payer Id पूर्णरुपमा लागू गरिनेछ।

५४. बहालमा लिए दिएका घर/जग्गा/अन्य संरचना/सम्पतिहरुको अनिवार्य दर्ता गर्ने व्यवस्था गरिनेछ।

५५. जिआईएस डिजिटल भुसूचना प्रणाली मार्फत् करदाता अभिलेखलाई व्यवस्थित गरिनेछ।

## ७. शहरी योजना

५६. काठमाडौं महानगरपालिकाको शहरी योजना अन्तर्गत आवधिक, रणनीतिक तथा क्षेत्रगत योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५७. विपद् व्यवस्थापनसँग सम्बन्धित सूचना तथा विवरणहरुलाई भौगोलिक सूचना प्रणाली (GIS) मा आवद्ध गरिनेछ। मनसुनजन्य विपद् जोखिम न्यूनीकरणका लागि मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ। मौषमजन्य विपद् व्यवस्थापनका लागि आवश्यक पूर्वतयारी तथा प्रतिकार्यलाई प्राथमिकतामा राखिनेछ।

५८. विद्यालय, अस्पताल, होटल, सपिङ मल, सार्वजनिक भवन तथा बहुउद्देश्यीय संरचनाहरुको विपद् सुरक्षा मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन, सुपरीवेक्षण तथा नियमित सुरक्षा परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

५९. सार्वजनिक निजी साझेदारीमा सञ्चालित परियोजनाहरुको विस्तृत अध्ययन गरी आवश्यक सुधारको लागि सम्बद्ध पक्षसँग भएको सम्झौता पुनरावलोकन गरिनेछ।

६०. सार्वजनिक निजी साझेदारी प्रारुपमा सञ्चालन हुनसक्ने नयाँ परियोजनाहरुको पहिचान गरी सो को सम्भाव्यता अध्ययन गरिनेछ।

६१. महानगरवासीको स्वच्छ पिउने पानीको हकलाई प्राथमिकतामा राखी सहज, सुलभ र गुणस्तरीय पानी वितरणमा सम्बद्ध निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

६२. निःशुल्क पिउने पानी तथा सार्वजनिक शौचालयको अवधारणालाई निरन्तरता दिन थप स्थानहरुमा खानेपानी वुथ तथा सार्वजनिक शौचालयको निर्माण गरिनेछ।

## <u>८. पूर्वाधार तथा शहरी विकास</u>

६३. स्ट्रिट लाइट तथा हाईमास्टहरुमा स्मार्ट प्रविधिको प्रयोग गरी उज्यालो र सुरक्षित महानगर बनाइनेछ।

६४. GIS डेटाबेसमा आधारित भई महानगरपालिका क्षेत्रभित्र रहेका नदी किनार तथा सार्वजनिक स्थलको संरक्षण गर्न आवश्यक पूर्वाधारका कार्य गरिनेछ।

६५. महानगरपालिका क्षेत्रभित्र भौतिक पूर्वाधार विकास तथा सेवा सञ्चालन गर्ने निकायहरुबिच समन्वय गरी सार्वजनिक वित्तको उच्चतम प्रतिफल प्राप्त हुने र महानगरवासीलाई असुविधा नहुने प्रबन्ध मिलाउन एकीकृत संयन्त्र गठन गरी सक्रिय बनाइनेछ। यसका लागि GIS based monitoring system विकास गरी प्रयोगमा ल्याइनेछ।

६६. बिद्युतीय भवन अनुमति प्रणाली (eBPS) लाई समय सापेक्ष अद्यावधिक गरी बायोमेट्रिक प्रणालीलाई राष्ट्रिय परिचयपत्र (NID) को प्रणालीसँग अन्तरआबद्धता गर्ने प्रबन्ध मिलाईनेछ।

६७. बैंक तथा वित्तिय संस्थासँग समन्वय गरी महानगर क्षेत्रभित्रका घरजग्गा धितो राखी ऋण प्रवाह गर्दा काठमाडौं महानगरपालिकाको eBPS प्रणालीको उपयोग गर्ने प्रबन्ध मिलाइनेछ।

६८. महिला, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको नाममा आवासीय भवन निर्माण गर्दा नक्सापास दस्तुरमा बिस प्रतिशत छुट दिइनेछ।

६९. काठमाडौं महानगरपालिका क्षेत्रभित्र निर्माण हुने र निर्माण भैसकेका सार्वजनिक तथा निजी सबै किसिमका भवन तथा भौतिक संरचनाको जोखिम हस्तान्तरण तथा आर्थिक सुरक्षाको उचित व्यवस्था गर्न सहुलियतपूर्ण दरमा विमा गर्ने प्रबन्ध गरिनेछ।

७०. आगामी ५ बर्षभित्रमा महानगरपालिकाभित्रका सम्पूर्ण भवनहरुलाई विपद् उत्थानशील बनाउने अभियानको शुरुवात गर्न यसै आ.व. देखि समुदायको सहभागितामा जोखिम सर्वेक्षण तथा प्रवलीकरण (Retrofitting) र आवश्यक मर्मत सम्भार गर्ने कार्यको थालनी गरिनेछ।

७१. उर्जा दक्ष प्रविधि (Energy Efficiency), जमिनमुनि पानी पुनर्भरण गर्ने प्रविधि (Ground Water Recharge) र Sewerage Treatment Plant समाहित गरी भवन निर्माण गर्ने कार्य थालनी गरिनेछ।

७२. काठमाडौं महानगरपालिकाले सडक सुरक्षा, प्रभावकारी ट्राफिक व्यवस्थापन र गुणस्तरीय सार्वजनिक यातायातको प्रबर्धनमार्फत् सुरक्षित, व्यवस्थित र दिगो शहरी यातायात प्रणाली विकास गर्ने नीति अवलम्बन गरिनेछ। पैदल यात्री तथा साइकलमैत्री पूर्वाधार निर्माण तथा सेवा विस्तार गरिनेछ।

७३. काठमाडौं उपत्यकाको लागि आवश्यक र उपयुक्त सार्वजनिक यातायातको माध्यम पहिचान गरी सञ्चालन गर्न नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ।

७४. साझा यातायात मार्फत् रात्रिकालिन यातायात सेवालाई क्रमशः विस्तार गरी जीवन्त र समृद्ध शहरको अवधारणा कार्यान्वयन गरिनेछ। सार्वजनिक यातायात सेवालाई मर्यादित र विश्वसनीय बनाउन सहकार्य गरिनेछ।

७५. जग्गा विकास आयोजना हस्तान्तरण सम्बन्धी कानुनी प्रबन्ध गरी काठमाडौं महानगरपालिकाबाट सञ्चालित नयाँ बजार र चःमति जग्गा एकीकरण आयोजना हस्तान्तरण गरिनेछ।

७६. मनोहरा जग्गा एकीकरण आयोजनालाई आवश्यक बजेटको व्यवस्था गरी आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिइनेछ।

७७. सुन्धारा धरहरा क्षेत्रको सञ्चालन तथा व्यवस्थापन, भृकुटीमण्डपमा अत्याधुनिक सम्मेलन केन्द्र स्थापना तथा सञ्चालन र काठमाडौं प्लाजा भवन दीगो रुपमा सार्वजनिक प्रयोगको लागि काठमाडौं महानगरपालिकालाई उपलब्ध गराउन नेपाल सरकारसमक्ष अनुरोध गरिएकोमा सो अनुरुप नेपाल सरकारबाट प्राप्त गर्न पहल गरी प्राथमिकताका साथ योजना कार्यान्वयन गरिनेछ।

७८. नदी किनार तथा सार्वजनिक स्थानका जोमिखपूर्ण वस्तीबाट उद्दार गरी संरक्षण गरिएका व्यक्तिहरुको व्यवस्थापकीय कार्यका लागि निकायगत जिम्मेवारी यकिन गरिएको कार्ययोजना स्वीकृत गरी शिघ्र कार्यान्वयनमा ल्याउन नेपाल सरकारसँग समन्वय गरिनेछ।

७९. सहरी गरिब, विस्थापित र केही नभएका तथा कोही नभएका व्यक्ति तथा परिवारका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी उपयुक्त स्थानमा उचित व्यवस्थापनको लागि सामुहिक आवासको प्रबन्ध गरिनेछ।

८०. काठमाडौं महानगरपालिका वडा नम्वर ३२ कोटेश्वरस्थित तीनकुनेभित्रको अधिग्रहणमा परी मुआब्जा वितरण हुन र अधिग्रहण हुन बाँकी जग्गाको मुआब्जाको लागि लाग्ने सम्पूर्ण रकममध्ये काठमाडौं महानगरपालिकाले एक तिहाई र नेपाल सरकारले दुई तिहाई रकम व्यहोर्ने शर्तमा आर्थिक वर्ष २०८२।८३ को बचत रकमबाट काठमाडौं महानगरपालिकाले एक तिहाई अंशको कम्तिमा आधा एक किस्ता रकम र नेपाल सरकारले दुई तिहाइ अंशको कम्तिमा आधा एक किस्ता रकम एवम् बाँकी किस्ता रकम आर्थिक वर्ष २०८३।८४ मा सोही बमोजिम काठमाडौं महानगरपालिका र नेपाल सरकारको बजेटबाट बेहोर्ने व्यवस्था गरिनेछ।

<u>९. सम्पदा, सँस्कृति तथा पर्यटन</u>

८१. सांस्कृतिक सहरः समृद्ध महानगरको परिकल्पनालाई मुर्त रुप दिन काठमाडौं महानगर क्षेत्रभित्रको मौलिक र विशिष्ट ऐतिहासिक एवम् साँस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्धन तथा विकास गरिनेछ।

८२. काठमाडौंलाई खुला तथा जीवन्त संग्रहालय र रचनात्मक सहरको रुपमा विकास गरिनेछ। यहाँका ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक, सामाजिक महत्वका मठ, मन्दिर, चैत्य द्योःछें, वहाल, वहा वहि, हिती, पोखरी, गुम्बा, स्तुपा, चोक, ननि, डबली, फल्चा लगायतका संरचना तथा सम्पदा स्थलहरुको अध्ययन, डिजिटल अभिलेखीकरण, मौलिक नामाकरण, नक्सांकन, मर्मत, जिर्णोद्धार, पुननिर्माण गरी संरक्षण, सम्वर्धन र प्रवर्धन गरिनेछ।

८३. विदेशी पाहुना समेतलाई आमन्त्रण गरी अन्तर्राष्ट्रियस्तरको काठमाडौं फिल्म फेस्टिबलको आयोजना गरिनेछ।

८४. मौलिक तथा परम्परागत सिप, कला र ज्ञानको जगेर्ना, पुस्तान्तरण एवम पुनरोत्थानको लागि ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, तथा वास्तुकलात्मक महत्वका निजी तथा संस्थागत भवन पुनर्निर्माण गर्न र सम्पदा वस्ती संरक्षण गर्न प्रोत्साहित गरिनेछ। इन्द्रजात्रा तथा सेतो मछिन्द्रनाथ (आर्य अवलोकितेश्वर) जात्रा लगायतका अन्य ऐतिहासिक तथा साँस्कृतिक जात्रा मार्गमा सम्पदामैत्री भवनको फसाड निर्माण गर्न प्रोत्साहन गरिनेछ।

८५. पर्यटन प्रवर्धन तथा विकासका लागि प्राचिन वस्ती एवम् सहरहरुमा होमस्टे सञ्चालनको लागि प्रोत्साहन गरिनेछ।

८६. अमुर्त सम्पदाहरुः स्थानीय जात्रा, पर्व, कला, संस्कृति, परिकार, परम्परागत बाजा तथा संगीतहरुको संरक्षण र प्रवर्धन गर्दै युनेस्कोको अभौतिक सांस्कृतिक सम्पदामा (ICH) सूचिकृत गर्न आवश्यक पहल गरिनेछ।

८७. Recharged Kathmandu Campaign सञ्चालन गरिनेछ। यसका लागि महानगर क्षेत्रभित्रका पोखरी, ढुंगेधारा (हिती) हरुको पुनर्स्थापना, आकाशे पानी संकलन तथा पुनर्भरण गर्दै जल सम्पदाको संरक्षण गरी वातावरणीय सन्तुलन कायम गर्न जोड दिईनेछ।

८८. मौलिक र परम्परागत लोककला, पाककला, भेषभुषा, शिल्प, गरगहना, जात्रापर्व, साहित्य संगीत तथा प्राकृतिक सम्पदाहरुलाई चलचित्रको माध्यमद्वारा उजागर गरी रचनात्मक उद्योगका रुपमा विकाश र प्रवर्धन गर्न चलचित्र महोत्सव, परम्परागत खाना महोत्सव, एक्सपो, प्रदर्शनी जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८९. काठमाडौं महानगरपालिकाले निर्माण गरेको यें देय् साँस्कृतिक छें लाई सञ्चालनमा ल्याइनेछ। साथै काठमाडौं महानगरपालिका क्षेत्रमा मनाइने ऐतिहासिक तथा साँस्कृतिक महत्वको जात्राको रुपमा अन्तर्राष्ट्रियस्तरमा समेत चर्चित इन्द्रजात्रा रथयात्राका प्रमुख देवगणहरु श्री गणेश र श्री भैरवका लागि निवास निर्माण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

## १०. सूचना प्रविधि

९०. विद्युतीय शासनलाई पूर्ण रूपमा आत्मसात् गर्दै केन्द्र र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवा, अभिलेख व्यवस्थापन र निर्णय प्रक्रियालाई स्वचालित (Automated) बनाइनेछ। जनप्रतिनिधि र कर्मचारीहरूको डिजिटल साक्षरता अभिवृद्धि गर्दै प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ।

९१. GIS-आधारित डिजिटल ठेगाना प्रणाली, Open Data Initiative, AI प्रविधि, राष्ट्रिय तथा प्रादेशिक डिजिटल प्रणालीहरूसँग अन्तरआवद्धता, साइबर सुरक्षा, प्रणाली मर्मतसम्भार कार्यक्रमलाई प्रबर्धन गरिनेछ।

९२. योजना, सेवा प्रवाह, विकास आयोजना, राजस्व, खर्च, पूर्वाधार, वातावरण, विपद् व्यवस्थापन र गुनासो व्यवस्थापन सम्बन्धमा सुसूचित गर्न तथा नियमित अनुगमनका लागि KMC Dashboard स्थापना तथा सञ्चालन गरिनेछ।

९३. Municipal Governance लाई सुदृढ गर्न Digital Public Infrastructure को रूपमा GIS-आधारित एकीकृत सूचना प्रणाली स्थापना गरी सञ्चालन गरिनेछ।

९४. काठमाडौं महानगरपालिकाका सम्पूर्ण सूचना प्रणालीहरूलाई राष्ट्रिय परिचयपत्र, नागरिक एप, राष्ट्रिय भुक्तानी प्रणाली, भूमि अभिलेख, राजस्व तथा अन्य संघीय एवम् प्रादेशिक डिजिटल प्रणालीहरूसँग अन्तरआवद्ध (Interoperable) बनाउँदै लगिनेछ।

९५. काठमाडौं महानगरपालिकाको Software Development, Cyber Security तथा System Maintenance Unit लाई आवश्यक जनशक्ति, पूर्वाधार तथा आधुनिक प्रविधिबाट सुदृढ बनाइनेछ।

९६. महानगरपालिकाका कर्मचारीहरूको डिजिटल क्षमता अभिवृद्धि गर्न "Digital Governance and Cyber Hygiene" सम्बन्धी तालिम सञ्चालन गरिनेछ। साथै सेवाग्राहीहरूका लागि डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

<u>११. उपभोक्ता हित</u>

९७. उपभोक्ता हित संरक्षणका लागि खाद्य स्वच्छता, गुणस्तर परीक्षण, स्वस्थ भान्छा, जङ्क फुड नियन्त्रण, सुर्ती तथा मदिराजन्य पदार्थको नियमन, सुरक्षित मासु उत्पादन तथा जीवजन्तु व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

९८. खाद्य पदार्थको गुणस्तर सुनिश्चित गर्दै एग्रो पुलिङ तथा मेट्रो मार्ट मार्फत विषादी रहित स्वच्छ फलफूल र तरकारीको होम डेलिभरी हुने व्यवस्था मिलाइनेछ। महानगरवासीको न्यूनतम जीवनस्तर सम्बन्धी सूचकहरू सहितको मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ।

९९. स्वच्छ, गुणस्तरीय र सुरक्षित मासु उत्पादन तथा बिक्री वितरणका लागि व्यवस्थित वधशाला निर्माण तथा सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ।

१००. सडक कुकुर तथा बाँदरको संख्या नियन्त्रणका लागि पशु कल्याण सुनिश्चित गर्दै मानवीय, वैज्ञानिक र प्राविधिक उपायहरू अवलम्बन गरी प्रभावकारी व्यवस्थापन गरिनेछ।

१०१. सहकारी सम्बन्धी राष्ट्रिय नीति, सङ्घीय तथा प्रदेश कानुन अनुरुप काठमाडौं महानगरपालिकाको कानुनी प्रबन्धलाई संशोधन गरी आफ्नो क्षेत्राधिकार भित्रका सहकारी सम्बद्ध संघ संस्थाहरुको नियमित अनुगमन, नियमन, संस्थागत सुशासन तथा वित्तिय अनुशासन मार्फत् सहकारी क्षेत्रको प्रवर्द्धन गरिनेछ। निष्कृय सहकारीहरुको पुनः सञ्चालन, खारेजी तथा विघटन सम्बन्धी कारवाहीमा सहजीकरण गरिनेछ।

**अन्त्यमा,**

प्रस्तावित नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यक्रम र बजेट यसै सभाबाट स्वीकृत भए बमोजिम हुने व्यहोरा जानकारी गराउँदै नीति, कार्यक्रम तथा बजेट पूर्ण रूपमा कार्यान्वयन गर्न हामी सबैको सामूहिक प्रतिबद्धता र क्रियाशीलता आवश्यक हुन्छ।

महानगरवासी, नागरिक समाज, तीन तहका सरकार र मातहतका निकाय, निजी क्षेत्र, महानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको निरन्तर सहयोग, समन्वय र सक्रिय सहभागिताको अपेक्षा गर्दै हालसम्म प्राप्त साथ, सहयोग र समन्वयका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद !

**३१ जेठ, २०८३**

**नेपाल सम्वत् ११४६ अनालागा चतुर्दसि**

सुनिता डंगोल
कार्यवाहक प्रमुख
काठमाडौं महानगरपालिका